आज मिति २०८३ जेष्ठ ०४ गते दिउसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको १०२ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठककक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**तपसिल :**

- श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
- श्री धनसरा बोहरा, नगर उप-प्रमुख
- श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १
- श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
- श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
- श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
- श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
- श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
- श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
- श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
- श्री ईश्वर बहादुर पोखेल, का.वा.वडा अध्यक्ष वडा नं. ९
- श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
- श्री जय बहादुर नेपाली, अध्यक्ष वडा नं. ११
- श्री राम बहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
- श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
- श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
- श्री सहविर महर, कार्यपालिका सदस्य
- श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
- श्री गौमाया खत्री, कार्यपालिका सदस्य
- श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
- श्री मानसिं परियार, कार्यपालिका सदस्य
- श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
- श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
- श्री हरि बहादुर खत्री, (सचिव) प्रमुख प्रशासकीय अधिकृत
- श्री मान बहादुर ठाडा, लेखा अधिकृत (आठौं)

**सहयोगी कर्मचारीहरु :**

- श्री सरिता हमाल, सूचना प्रविधी अधिकृत
- श्री कुल बहादुर खड्का, प्रशासकीय अधिकृत
- प्रेम जङ्ग रोजगार संयोजक
- श्री शुशिला विसी, सहयोगी

यज्ञ प्रसाद ढकाल
नगर प्रमुख

निर्णय प्रमाणित

**मिति २०८३।०२।०४ गतेको नगर कार्यपालिका बैठकमा भएका निर्णयहरु:**

**प्रस्ताव नं. १ : मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना सिफारिस सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिका अन्तर्गत आ.व.२०८३/०८४ सालका लागि तपसिलबमोजिमका योजनाहरु कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि सिफारिस गरी पठाउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम रु |
|---|---|---|---|
| १ | धारापानी देखि कोलखोला हुँदै बरङबारीसम्म सिंचाई नहर निर्माण | १ | १५००००० |
| २ | ढाँडगोठेरी शनिमोर लिफ्ट सिंचाई निर्माण | २ | १५००००० |
| ३ | एकराते सिस्नेकोटी जलउपभोक्ता सिंचाई कुलो निर्माण | ३ | १५००००० |
| ४ | दोबाटो पुल नजिक तटबन्धन र सिंचाई कुलो निर्माण | ४ | १५००००० |
| ५ | गेरुवानी कुईने गिद्धे र हात्तिखाल चिउरीवास सालघारी सिंचाई कुलो निर्माण | ५ | १५००००० |
| ६ | पुर्वे टोल र हरियाली टोल सिंचाई पोखरी निर्माण | ६ | १५००००० |
| ७ | बसेनी गोगन खोला तटबन्धन | ७ | १५००००० |
| ८ | केवर्ड सिंचाई नाला निर्माण | ८ | १५००००० |
| ९ | भेरी नदी लिफ्ट सिंचाई योजना ठूलोजात्री | ९ | १५००००० |
| १० | हरियाली दुर्गाटोल सिंचाई कुलो विस्तार | १० | १५००००० |
| ११ | शान्तिनगर टोलमा कुलो (सिंचाई) निर्माण | ११ | १५००००० |
| १२ | मसिना सिंचाई ड्याम मर्मत तथा संरक्षण योजना | १२ | १५००००० |
| १३ | हरियाली टोल राजीबस्ती डिपबोरिङ्ग नजिक सिंचाइ टंकी निर्माण तथा सिंढी निर्माण | १३ | १५००००० |

**प्रस्ताव नं. ०२ : आगामी आ.ब. २०८३।०८४ को नीतिकार्यक्रम, योजना तथा बजेट सम्बन्धमा ।**

निर्णय नं. ०२ : यस भेरीगंगा नगरपालिकाको आगामी आ.व.२०८३/०८४ सालका लागि प्रदेश तथा संघीय सरकारबाट अनुमानित बजेट रकम प्राप्त भएकोले सो बारेमा कार्यपालिकामा जानकारी प्राप्त भयो । साथै आगामी आ.व.का लागि नीति तथा कार्यक्रम तयार गरी पेश गर्नका लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिने साथै राजस्वको प्रक्षेपण लगायतका कार्य तथा योजना छनौटका कार्यहरु तत्काल प्रारम्भ गर्ने र टोलबस्तीबाट योजना छनौट गरी सिफारिस गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो । साथै वडा कार्यालयहरुले जेष्ठ १० गतेभित्र टोलस्तरीय योजना छनौट गरी प्राथमिकता निर्धारण गरी जेष्ठ २५ गतेभित्र नगरपालिकामा उपलब्ध गराउने प्रक्रिया अगाडी बढाउन निर्देशन दिने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ०३ : सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

निर्णय नं. ०३ : यस भेरीगंगा नगरपालिकाको चालु आ.व.२०८२/०८३ सालको वडा तथा नगरपालिकाको सार्वजनिक सुनुवाई यही जेष्ठ मसान्तभित्र सम्पन्न गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ०४ : बिबिध सम्बन्धमा ।**

निर्णय नं. ४ (क) : यस भेरीगंगा नगरपालिका भित्र बालविवाह अन्त्यका लागि पन्चबर्षिय रणनीतिक योजना निर्माण गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । सो कार्यका लागि बालविवाह विरुद्ध साझा अभियान सन्जाल सुर्खेतलाई

प्रसाद ढकाल
नगर प्रमुख

निर्णय प्रमाणित

CamScanner

आर्थीक तथा प्राविधिक सहयोग गर्न अनुरोध गर्ने र अपुग रकम नगरपालिकाले व्यवस्थापन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रश्ताव नं. ४ (ख) : म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४ (ख) :** यस भेरीगंगा नगरपालिकाको आ.व.२०८२/०८३ मा ठेक्का सम्झौता गरि संचालनमा रहेका तपसिलबमोजिमका योजनाहरुको सम्झौता अवधि सकिएको हुँदा समेत सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न नभएको र हाल शुरु सम्झौता अवधिमा निर्माण कार्य सम्पन्न हुन नसक्नुको कारण सहित सम्झौता म्याद थपको निवेदन पेश भई आएकोले तपसिल अनुसारका योजनाहरुको म्याद थप गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

तपसिल

| क्र. सं. | योजनाको नाम र ठेक्का नं. | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्झौता अवधि | म्याद थप अवधि | म्याद थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| १. | वडा कार्यालय देखि तोलीखोला पुलसम्म सडक स्तरोन्नति, भेरिगंगा ४ (BGM/IDB/NCB/2082/083-11) | श्री दि दर्सन कन्स्ट्रक्सन, सिम्ता ५ सुर्खेत | २०८२/०८/२५ | २०८२/१२/३० | २०८३/०३/१५ | प्रतिनिधि सभा निर्वाचन, निर्माण सामग्री, ईन्धनमा आकष्मिक मूल्यवृद्धि |
| २. | ठुलोखाली देखि कसेरी मसानघाट जाने सडक नाला, ग्रावेल निर्माण (BGM/IDB/NCB/2082/083-12) | श्री शिशिर कन्स्ट्रक्सन, भेरिगंगा ८ सुर्खेत | २०८२/०९/०७ | २०८२/१२/३० | २०८३/०३/१५ | प्रतिनिधि सभा निर्वाचन, निर्माण सामग्री, ईन्धनमा आकष्मिक मूल्यवृद्धि |

**प्रश्ताव नं. ४ (ग) : LISP परियोजनाका योजना सम्बन्धमा ।**

**निर्णय नं. ४ (ग) :** आ.व. २०८२/०८३ मा LISP परियोजना अन्तर्गत तपसिलका योजनाहरुको ठेक्काबाट बाँकी रहेको रकमबाट काम बाँकी रहेका योजनाहरु लगायत तपसिलका योजनाहरुमा तपसिल अनुसारको बजेट बिनियोजन गरि उक्त योजनाहरुको सुरु सम्झौता बमोजिम निर्माण ब्यबसायीले कबोल गरेको रेट अनुसार लागत अनुमान तयार गरि उपभोक्ता समिति वा ठेक्का/कोटेसन बिधिबाट निर्माण कार्य अगाडी बढाउने निर्णय सर्बसम्मतीले पारित गरियो।

| क्र.सं. | योजनाको नाम | ठेगाना | LISP परियोजनाबाट विनियोजित बजेट रु. | नगरपालिकाबाट विनियोजित बजेट रु. | जम्मा बजेट रु. |
|---|---|---|---|---|---|
| १. | सिस्नेरी देखि काल्पानि चैते सडक स्तरोन्नति | भेरिगंगा ०२ | ५११५०९ | ५११५०९ | १०२३०१८ |
| २. | आँपसोती घानखोरिया सडक स्तरोन्नति | भेरिगंगा ३ | २४११५८ | २४११५८ | ४८२३१६ |
| ३. | त्रिवेणी र नवज्योति टोल अधुरा अपुरा सिचाई कुलो निर्माण | भेरिगंगा ७ | २१२३५५ | २१२३५५ | ४२४७१० |
| ४. | देउती प्रा.वि. देखि नमुना टोल चौखेसम्म सडक स्तरोन्नति | भेरिगंगा ८ | ४९१२८८ | ४९१२८८ | ९८२७७६ |

निर्णय प्रमाणित

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | लेकबेसी टोल देखि प्रभात प्रा.वि. हुँदै नाच्ने खोला पुल जोड्ने सडक स्तरोन्नति | भेरिगंगा ९ | ६७५०३० | ६७५०३० | १३५००६० |
| ६. | वडा कार्यालय जाने बाटोदेखि झिलमिले रिंगरोड कालोपत्रे तथा पक्कि नाली निर्माण | भेरिगंगा १० | ४६९७८३ | ४६९७८३ | ९३९५६६ |
| ७. | गणेशपुर टोलमा बाँकी रहेका सडकहरु मर्मत तथा स्तरोन्नती | भेरिगंगा १२ | ४४४४५२ | ४४४४५२ | ८८८९०४ |
| ८. | आँपखोलि डिपबोरिंग सिरुचौर नयाँ टंकी हुदै डाँगी टंकी तथा ज्यामिरे राजी रामपुर लिफ्ट सिचाई योजना | भेरिगंगा १३ | ३७९७६१ | ३७९७६१ | ७५९५२२ |
| ९. | बजार क्षेत्र सडक बृक्षारोपण तथा सडक सोलार बत्ति जडान | भेरिगंगा १२ र १० | ४३५२१३ | ४३५२१३ | ८७०४२६ |

**प्रश्ताव नं. ४ (घ) : योजनाको बिल भर्पाइ पेश गर्ने समयसिमा सम्बन्धमा।**

**निर्णय नं. ४ (घ) :** यस भेरीगंगा नगरपालिकाको चालु आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि उपभोक्ता समिति तथा सरोकारवालाहरुलाई आफुले सम्पन्न गरेको कार्यहरुको बिलभर्पाइ सहित मिति २०८३।०३।१५ गतेभित्र नगरपालिकामा आफ्नो भुक्तानीको फाइल पेश गरिसक्न सम्पूर्णलाई जानकारी गराउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रश्ताव नं. ४ (ङ) : वडाका योजना सम्बन्धमा ।**

**निर्णय नं. ४ (ङ)** वडा कार्यालयको सिफारिसमा तपसिलका योजना संसोधन स्वीकृती गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. वडा नं २ को चौरगाउँ तल ड्याम माथि सिंचाई पाइप खरिद रु २ लाख योजना उपभोक्ता समिति मार्फत सन्चालन गर्ने ।

२. वडा नं १२ को बिबिध शीर्षकमा बिनियोजित बजेटबाट सिम्ताली चोक खानेपानी कुवा निर्माणमा रु १ लाख ५० हजार विनियोजन गर्ने ।

**प्रश्ताव नं. ४ (च) : फोहरमैला प्रशोधन क्षेत्रका प्रभावित समुदायलाइ स्वास्थ्य सेवा प्रदानका लागि संझौता सम्बन्धमा ।**

**निर्णय नं. ४ (च)** यस भेरीगंगा नगरपालिकाको वडा नं १२ मा रहेको रामजानकी सामुदायिक वन अन्तर्गत झिगेनारा क्षेत्रमा फोहर ब्यबस्थापन गर्दा प्रभावित क्षेत्र जाजरकोटी टोल लगायतका समुदायले आफुहरुको स्वास्थ्यमा असर परेको भनी आफ्ना विभिन्न माग राखेकोमा प्रभावित क्षेत्रमा नगरपालिकाले हाल स्वास्थ्य बिमा लगायत अन्य स्वास्थ्य सेवा उपलब्ध गराउने र हाल रोकिएको फोहर ब्यबस्थापन कार्य सुरु गर्ने र सोही अनुसार प्रभावित क्षेत्रका समुदायसँग संझौता गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

गजप्रसाद ढकाल
नगर प्रमुख

निर्णय प्रमाणित